आज मिति २०८१/१०/२२ गते यस [illegible] गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को १३ औं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका एजेन्डाहरूमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राई | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | लोकराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | मिना पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा बि.क. | कार्यपालिका सदस्य | |
| १२. | उर्मिला बि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | गिर बहादुर मजुवाल | सचिव | |
| | आमन्त्रित | | |
| १५. | अनिल अधिकारी | प्रा. इं. | |
| १६. | शेखर प्रसाद तिमिल्सिना | लेखापाल | |
| १७. | | | |

बैठक संख्याः १३

मितिः २०८१/१०/२२ गते, मंगलबार

मिति २०८१/१०/२२ गतेको १३ औं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | बाह्रौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८१/०८२ को बाह्रौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | LISP कार्यक्रम सम्वन्धमा । | • LISP कार्यक्रममा छनौट भएका योजना माथि छलफल। | |
| (३) | LISA र FRA को नतिजा सम्वन्धमा। | • LISA को नतिजा अनुमोदन तथा सार्वजनिक र FRA को नतिजा सार्वजनिक गर्ने । | |
| (४) | संघीय समपुरक र विशेष अनुदान सम्वन्धमा । | • आ व २०८२/०८३ मा कार्यान्वयन हुने संघीय समपुरक र विशेष योजनाहरु प्राथमिकरणको लागि योजना छनौट गरी पेश गर्न वडाहरुमा अनुरोध गर्ने। | |
| (५) | गाउँसभा सम्वन्धमा । | • गाउँसभाको लागि मिति र समय तय गर्ने । | |
| (६) | पर्यटन पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्वन्धमा। | • नेपाल पर्यटन वोर्डको मिति २०८१/१०/०७ को पत्रानुसार खलंगा मल्लरानी पदमार्ग स्तरोन्नतीको लागि आवश्यक प्रकृया अगाडी बढाउने। | |
| (७) | विविध विषयहरु | • विविध समसामयिक विषयहरु माथि छलफल तथा निर्णय। | |

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: १३
मिति: २०८१/१०/२२ गते, मंगलबार

<u>निर्णयहरु:</u>

(१) आ.व २०८१/०८२ को बाह्रौं गाउँकार्यपालिका बैठकको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु यथाशिघ्र कार्यान्वयनका लागि विषयगत शाखा तथा वडाहरुमा पत्राचार गर्ने ।

(२) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यक्रममा छनौट भएका योजना माथि छलफल गरियो । मिति २०८१ असोज १८ गतेको कार्यपालिका बैठक बमोजिम स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा छनौट भएका योजना तथा कार्यक्रम स्वीकृतिको लागि आगामि गाउँसभामा पेश गर्ने ।

(३) यस मल्लरानी गाउँपालिकाको आ.व. २०८०/०८१ मा संस्थागत क्षमता मुल्याङ्कन (LISA) मा अङ्क ९१.५ (एकानब्बे दशमलव पाँच) प्राप्त भएकोले सोको नतिजा अनुमोदन तथा सार्वजनिक गर्ने साथै र वित्तीय सुशासन जोखिम मुल्याङ्क (FRA) मा अङ्क ९०.५ (नब्बे दशमलव पाँच) प्राप्त भएकोले सो को नतिजा सार्वजनिक गर्ने।

(४) आ. ब. २०८२/०८३ मा कार्यान्वयन हुने संघीय समपुरक र विशेष योजनाहरु प्राथमिकरणको लागि योजना छनौट गरी पेश गर्न वडाहरुमा अनुरोध गर्ने।

(५) मल्लरानी गाउँपालिकाको गाउँसभाको १६ औं बैठक मिति २०८१/१०/३० गते जिल्ला समन्वय समिति प्यूठानको सभाहलमा विहान ११ बजे बस्ने।

(६) नेपाल पर्यटन वोर्डको मिति २०८१/१०/०७ को पत्रानुसार खलंगा मल्लरानी पदमार्ग स्तरोन्नतीको लागि रु १० लाख प्राप्त भएकोले विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक प्रकृया अगाडी बढाउने।

(७) तपसिलका विविध समसामयिक विषयहरु:

- समता मिडिया फाउन्डेसनलाई "सत्ता संघर्षको ईतिहाँस" पुस्तक वापत रु १५ हजार रुपैयाँ भुक्तानी उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी बर्ष २६ को सन्देश राहुँ मगरको पेटको उपचारको लागि रु १० हजार रुपैयाँ आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी बर्ष ६५ को लक्ष्मी रानाको फोक्सोको उपचारको लागि रु १० हजार रुपैयाँ आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा पशु सेवा शाखा तर्फ पशु स्वास्थ्य शिविर कार्यक्रम बाट वडा नं १ र २ क्षेत्रलाई सहज हुने गरी चुंजामा मिति २०८१ फागुन ४ गते आईतवार पशु स्वास्थ्य शिविर संचालन गर्ने । चुंजाबाट क्षेत्रमा
- मल्लरानी गाउँपालिकामा संकलन केन्द्र विस्तारको लागि सूचना प्रकाशन गरी प्रकृया अगाडी बढाउने ।
- संयुक्त राजनितीक दलित संघर्ष समिति प्यूठानलाई समान जातिको विषयमा अन्तर्क्रिया संचालनका लागि रु ७ हजार सहयोग उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: १३

मिति: २०८१/१०/२२, मंगलबार

- मल्लरानी गाउँपालिका वडा नं ५ धुँवीघाट क्षेत्रमा नदीजन्य पदार्थ उत्खननका लागि गाउँपालिकाबाट विभिन्न मितिमा सिलबन्दि दरभाउपत्र आव्हान गरिएकोमा कुनै पनि दररेट प्राप्त नभएकोले वडा नं ५ निवासी मोहन बहादुर खड्कालाई उत्खननको लागि कार्यादेश दिई प्राप्त राजश्व रकमको ६० प्रतिशत गाउँपालिका र ४० प्रतिशत मोहन बहादुर खड्कालाई उपलब्ध गराउने
- प्रेस चौतारी नेपाल जिल्ला शाखा प्यूठानलाई लाई आठौं जिल्ला अधिवेशनको लागि रु ५ हजार रुपैयाँ सहयोग उपलब्ध गराउने।
- श्री बलभद्र मा वि झिमरुक लाई यु·रे·स·को जिल्ला स्तरीय गोष्ठीको लागि ८ हजार रुपैयाँ सहयोग उपलब्ध गराउने ।
- तल्लो बाहुनपानी खा·पा·ट्याङ्की मर्मतको लागि रु ६५०००। पैसठ्ठी हजार मात्र खानेपानी लगायत अन्य पूर्वाधार निर्माण शिर्षकवाट रकमान्तर गरी प्रकृया अगाडी बढाउने ।
- धुँवाखोला मसानघाट सिचाई कुलो मर्मतका लागि रु २ लाख ६५ हजार रुपैयाँ विपद् व्यवस्थापन कोषवाट रकमान्तर गरी प्रकृया अगाडी बढाउने ।
- मल्लरानी गाउँपालिका वडा नं ३ मा चौरपानी वाट हरेक हप्ताको १ एक दिन सेवा विस्तार गर्न भवन व्यवस्थापन लगायतका कार्यका लागि कार्यसम्पन्न प्रतिवेदन वमोजिम रकम कार्यक्रम खर्चवाट रकमान्तर गरी भुक्तानी दिने ।
- मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेटमा वडा नं ४ तर्फ विनियोजित क्याम्पस जाने वाटो शिर्षकको रकम रु ८० हजार रकमान्तर गरी प्युठान क्याम्पस रंगरोगन गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयवाट प्राप्त सुझाव कार्यान्वयन सम्वन्धको पत्रमाथि छलफल गरियो । उक्त सुझावको अक्षरस पालनाको लागि विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सरोकारवालामा पत्राचार गर्ने ।
- मल्लरानी गाउँपालिकामा आ व २०८१/०८२ मा संचालित योजनाहरुमा अनुगमन गरिएका योजनाहरुको सम्वन्धमा अनुगमन समितिवाट प्राप्त अनुगमन प्रतिवेदन स्वीकृत गर्ने ।
- मल्लरानी गाउँपालिकाको सडक गुरु योजनाको अन्तिम प्रतिवेदन प्राप्त भएकोले स्वीकृत गरी भुक्तानी प्रकृया अगाडी बढाउने ।

प्रमुख प्रशासकीय अधिकृत